# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## बाह्रौं वार्षिक साधारणसभाको विवरण (माइन्युट)

१) **वैधानिक सभा :**

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०६६ कात्तिक १९ गते बसेको सञ्चालक समितिको २५६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा, सञ्चालक समितिका सदस्य श्री वेदमान सिंह मल्लज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२) **सभाको स्थान, मिति र समय :**

स्थान : सिद्धार्थनगर उद्योग वाणिज्य संघको सभाहल, कालिकापथ, सिद्धार्थनगर, रुपन्देही, नेपाल ।
मिति : २०६६ साल मार्ग २९ गते, सोमबार (डिसेम्बर १४, २००९)
समय : बिहान १०.०० बजे

३) **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको सञ्चालक समितिको मिति २०६६ कात्तिक १९ गते बसेको २५६औं बैंठकको निर्णय बमोजिम मिति २०६६ मार्ग ३ गते कान्तिपुर दैनिक र २०६६ मार्ग ५ गते नेपाल समाचारपत्र दैनिकमा सूचना प्रकाशित गरी २०६६ मार्ग २९ गते, सोमबार बाह्रौं वार्षिक साधारण सभा बोलाइएको र शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा वार्षिक साधारण सभाको सूचना तथा बैंकको आ.व.२०६५/६६ को संक्षिप्त वार्षिक आर्थिक विवरण (सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण) पठाईएको जानकारी कम्पनी सचिवले गराउनुभयो ।

४) **सभाको विषय सूची :**

क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०६६ आषाढ मसान्तसम्मको वासलात, सो मितिमा समाप्त आर्थिक वर्ष २०६५/६६ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६६/६७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री के.के सिंह पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

४. बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विविध :**

**५) उपस्थिति :**

**(५.१) सञ्चालकहरु (कम्पनी ऐन, २०६४ को दफा ६८ अनुरुप) :**

| | |
|---|---|
| क) श्री वेदमान सिंह मल्ल | सञ्चालक |
| ख) श्री बद्री नारायण मानन्धर | सञ्चालक |
| ग) श्री नारायणराज तिवारी | सञ्चालक |
| घ) श्री तीर्थ प्रधान | सञ्चालक |
| ङ) श्री विश्वनाथ सापकोटा | सञ्चालक |

**(५.२) प्रमुख कार्यकारी अधिकृत**

क) श्री रत्न राज बज्राचार्य

**(५.३) पदाधिकारी :**

| | |
|---|---|
| क) श्री रमेश राज अर्याल | कम्पनी सचिव |
| ख) श्री विश्वनाथ भट्टराई | शेयर विभाग |
| ग) श्री यादव खड्का | शेयर विभाग |
| घ) श्री श्याम खत्री | निर्वाचन अधिकृत |

**(५.४) शेयरधनीहरु :**

बिहान १० बजेसम्म शेयरधनी महानुभावहरुको उपस्थिति निम्नानुसार रहेको छ ।

| | **संख्या** |
|---|---|
| स्वयं उपस्थित | ६४ |
| प्रतिनिधिद्वारा उपस्थित | ७६ |
| **जम्मा** | १४० |

६)   **गणपुरक संख्या :**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रोक्सी मार्फत | जम्मा उपस्थित | कुल शेयर संख्याको प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| बिक्री भएको शेयर (शत प्रतिशत चुक्ता शेयरधनी) | १,३९,९१,१६० <br> २०,९६१ | ३०,४३,५३५ <br> ६४ | ५२,९०,९१६ <br> ७६ | ८३,३४,४५१ <br> १४० | ५९.५ % |

७)   **सभाको कारबाही र वैधानिकता :**

सर्वप्रथम कम्पनी सचिवले बैंकको बाह्रौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै सभालाई विधिवत प्रारम्भ गर्नुपूर्व बैंकको सञ्चालक समितिको अध्यक्ष श्री पृथ्वी राज लिगलज्यूको श्रद्धेय माता श्रीमती सूर्य कुमारी लिगलज्यूको यही २०६६ साल मार्ग १७ गते, बुधबारका दिन असामयीक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको लागि नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. परिवारका तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो र यस दुखद घडीमा परमेश्वरले शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्नभयो ।

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम बाह्रौं वार्षिक साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुरुप सभाको लागि गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई दिनुभयो ।

८)   **सभाको सभापति, आसन ग्रहण र प्रतिवेदन प्रस्तुत :**

साधारणसभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र बैंकको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने व्यवस्था भएकोमा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी राज लिगलज्यूको श्रद्धेय माता श्रीमती सूर्य कुमारी लिगलज्यूको यही २०६६ साल मार्ग १७ गते बुधबारका दिन असामयीक निधन भएको आज १३औं दिनको पुण्यतिथि भएको कारणले सभामा उपस्थित हुन असमर्थ हुनुभएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम सञ्चालक समितिको अध्यक्षको अनुपस्थितिमा सञ्चालकहरुले आफूमध्येबाट मनोनीत गरेको सञ्चालकले सभापतित्व गर्नसक्ने व्यवस्था अनुरुप बैंकका सञ्चालक समितिका सदस्य श्री वेदमान सिंह मल्लज्यूलाई सभापति मनोनीत गरेको हुँदा सञ्चालक श्री वेदमान सिंह मल्लज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । तत्पश्चात सभाको विषय सूची अनुसार सभा प्रारम्भ भयो ।

९)	**छलफल तथा निर्णयहरु :**

(९.१) सभापति श्री वेदमान सिंह मल्लज्यूले सञ्चालक समितिको तर्फबाट बैंकको बाह्रौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(९.२) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :

तत्पश्चात् सभापतिज्यूले सभाको निर्धारित विषय सूची बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु छलफलको निमित्त सभा समक्ष पेश गर्नुभयो ।

(९.३) तत्पश्चात् सभापतिज्यूले सभाको निर्धारित विषय सूची बमोजिम सञ्चालक समितिको बाह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु छलफल गरी पारित गर्नको लागि आ-आफ्नो विचार, जिज्ञासा मन्तव्य, सुझाव र प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनीहरुलाई आव्हान गर्नुभयो ।

१०)	**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नुभए अनुसार सभामा निम्न शेयरधनीमहानुभावहरुले मन्तव्य जिज्ञासा एवं सुझाव राख्न आफ्नो नाम दिनुभई आफ्नो राय तथा सुझावहरु दिनुभयो ।

१)	श्री अशोक उप्रेती
२)	श्री विजय पाण्डे
३)	श्री नारायण सुन्दर श्रेष्ठ
४)	श्री हरिभक्त शर्मा
५)	श्री निश्चल प्रधान

११)	**शेयरधनी महानुभावबाट व्यक्त मन्तव्यको संक्षिप्त विवरण :**

(११.१) **श्री अशोक उप्रेती :**

बाह्र वर्ष भनेको एक युग हो र एनसीसी बैंकले यस बाह्र वर्षको अवधिमा अनेक कठिनाईहरु, प्रतिकूल परिस्थितिहरुमा पनि नयाँ अध्याय शुरु गर्न नसकेपनि अस्तित्व जोगाई राखेको र यसैमा नै बधाई दिनु परेको बताउनु भयो । संस्थापक समूहको ठूलो ऋण रहेकोले नेपाल विकास बैंक जस्तो हुने हो कि भनी चिन्ता व्यक्त गर्नुभयो । हरिसिद्धि इंटा तथा टायल कारखानाको समस्या हालसम्म पनि समाधान नभएको विषयमा जिज्ञासा राख्नुभयो । स्थानीय पत्रिकामा पनि वार्षिक साधारण सभाको सूचना प्रकाशित गरेमा शेयरधनीहरुको सहभागिता बढ्ने थियो भन्नुभयो । सञ्चालक समितिले जति पटक पनि ऋण असुलीका

लागि भाखा बढाउन सक्ने भन्ने विषयमा कानुनी प्रश्न उठ्न सक्ने भन्नुभयो । यो प्राकृतिक कानूनको सिद्धान्त विपरित हो र यसरी भाखा बढाउदै जाने हो भने कहिलेसम्म हामीले थेग्ने ? भनी प्रश्न गर्नुभयो । देशको आर्थिक अवस्था प्रतिकूल भइरहेको अवस्थामा कसरी व्यवसाय अभिवृद्धि गर्ने हो त्यस सम्बन्धमा रणनीति तयार गरी कार्यक्रम अगाडि बढाउनु पर्छ भन्नुभयो ।

शेयरधनी उत्सव सुन्दर श्रेष्ठज्यूले पुनरावेदन अदालतबाट अन्तरिम आदेश (stay order) ल्याउनु भएको विषयमा बोल्नु हुदै पहिलो सूचीमा नाम हुनु र अर्कोमा नहुनुलाई बैंकबाट गलत काम भएको र एउटा शेयरहोल्डरको हक हरण भएको विचार व्यक्त गर्नुभयो । कानूनको विधार्थीको हैसियतले भन्दा जालसाजी गरेको हो कि भन्नु पर्दछ । यस्तो गल्तीलाई पुनः नदोऱ्याउने भन्दा पनि मिलाएर लैजाने (reconcile) तिर जानुपर्ने बताउनुभयो । बैंकले हालसम्म कुनै प्रतिफल दिन नसक्नु असफलताको मापदण्ड नभए पनि राम्रो संकेत भने पक्कै होइन भन्दै यसप्रति बैंक व्यवस्थापन तथा सञ्चालक समितिलाई सचेत गराउनुभयो । बैंकको अस्तित्व जोगाउन एउटा रणनीति लिनुपऱ्यो एनसीसीलाई माथि उठाउछु भन्ने प्रतिबद्धता सबैले व्यक्त गर्नुपऱ्यो भन्नुभयो ।

(११.२) **श्री विजय पाण्डे :**

भैरहवामा सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो । वास्तवमै भन्नु पर्दा एउटा सानो शेयरधनी र साधारण नागरिकको एउटा भावना मात्र राख्न चाहान्छु भन्दै पूर्ववक्ता उप्रेतीजीले धेरै चिरफार गरिसक्नु भयो एउटा सानो शेयरधनीको हैसियतले त्यस भित्रको पेचिलो र कोचिलो कुराबाट हामी चाँडो भन्दा चाँडो मुक्त पाउनु पर्दछ र मुक्ति पाउनका लागि नेतृत्व तहबाट पहल भैरहेको छ भन्नुभयो । प्राविधिक कुराहरु, एकाउन्टेन्सीका कुराहरु, कानूनी कुराहरु विज्ञहरुले ल्याईसकेको कुराहरुमा कही पनि कमजोरी रहदैन भन्न सकिन्न तर आफैमा सक्षमता रहेको छ भन्ने लाग्दछ र हामीले आशा गरौं राम्रै हुन्छ भन्नुभयो । साधारण शेयरधनीको हैसियतले अहिलेसम्म केही पनि प्रतिफल नपाएकोमा गुनासो गर्नुहुदै अगामी दिनप्रति आशावादी रहेको बताउनुभयो । अन्य कति संस्थाहरुको साधारण सभामा शेयरधनीहरु नआइदिए हुन्थ्यो भन्ने लागेको हुन्छ तर हामीमा यो लागू नहोला । तथापि, बाह्रौं वार्षिक साधारण सभामा शेयरधनीहरुको उपस्थिति न्यून भएको विषयमा ध्यानाकर्षण गराउदै बैंकले आफ्नो पहलमा व्यक्तिगत रुपमा सम्पर्क गरेर भएपनि कमसेकम २०० जनाको उपस्थित गराउन सक्थ्यो भन्ने विचार व्यक्त गर्नुभयो । कतिपय कुरामा ठूला ठूला विद्धानहरु बसेको ठाँउमा कहिले कहिले सानासाना कुराहरु छुट्न सक्छन् तसर्थ ठूला ठूला शेयरहोल्डरहरुको मात्र नभई साना शेयरहोल्डरहरुको पनि इमेलमार्फत भएपनि सुझावहरु संकलन गर्नुपर्ने बताउनु भयो । संघियताको कुरा उठिरहेको अवस्थामा बैंकको प्रधान कार्यालय रहेको क्षेत्रबाट सञ्चालक समितिमा एक जना सञ्चालकले प्रतिनिधित्व गर्न पाए राम्रो हुन्थ्यो भन्नुभयो ।

ABBS System मा निःशुल्क रुपमा लाभान्वित हुन पाएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । बैंकमा गरेको लगानीलाई सुरक्षित गरिदिनु हुन अनुरोध गर्दै बैंकको बारेमा नराम्रो समाचार सुन्न नपरोस् भन्ने इच्छा जाहेर गर्नुभयो । अन्तमा, अब अर्को AGM मा लाभांस, बोनस पाई सबैलाई धन्यवाद दिन पाइयोस् भन्नुभयो ।

११.३) श्री नारायण सुन्दर श्रेष्ठ :

शेयरधनीहरुको हितलाई ध्यानमा राखी उहाँहरुको लगानीको सुरक्षाको लागि आफ्नै खर्चमा विभिन्न ठाँउमा पुगी वार्षिक साधारण सभामा भाग लिने गरेको छु भन्नुभयो । शेयरधनीहरुको उपस्थिति न्यून भएको विषयमा ध्यानाकर्षण गराउदै बैंकको अहिले बजारमा देखिएको सुधारका विषयमा थप जानकारी गराउनका लागि पनि शेयरधनीहरुको सहभागिता बढाउनु पर्ने विषयमा जोड दिनुभयो । ऋणीको आर्थिक स्थिति तथा क्षमतालाई मूल्यांकन गरेर मात्र ब्याज मिनाहा दिने निर्णय गर्नुपर्दछ भन्नुभयो । बैंकको बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन ठूलो र राजनीतिक भाषण जस्तो भयो, प्रतिवेदन छोटो हुनुपर्दछ भन्ने सुझाव दिनुभयो । शेयर बजारमा ठूला शेयरधनीहरुले साना शेयरधनीहरुलाई डुबाउने खालका क्रियाकलाप गरिरहेका हुन्छन् त्यसबाट हामी साना शेयरधनीहरुले होश पुऱ्याउनुपर्ने हुन्छ भन्नुभयो । एउटा शेयर दलालले अर्को शेयर दलाललाई हातमा लिई शेयरको मूल्य अप्राकृतिक किसिमले बढाउने कार्य गरिरहेका हुन्छन् । हामी साना सर्वसाधारण शेयरधनीहरु चनाखो रहनु पर्दछ । धेरै ठूला ठूला शेयर खरिद गरी कम्पनीको सञ्चालक बन्ने र कम्पनीमा नचाहिदो दबाब दिएर प्रतिफल लिने सोच बनाएका शेयरधनीका समुहहरु पनि छन् भन्नुभयो । नेपाल बैंकको शेयर बिक्री नै हुदैन भन्नुभयो । लेखापरीक्षकको नियुक्तिको प्रक्रियाबारे पनि बोल्नुभयो र लेखापरीक्षण समितिले वैकल्पिक लेखापरीक्षकको पनि सिफारिस गर्नुपर्ने भन्नुभयो ।

साधारण सभा सम्बन्धी सामान्य जानकारीका विषयमा प्रतिक्रिया दिदै भन्नुभयो शेयरधनीहरुले सभाकक्ष भित्र प्रवेश गर्नका लागि अनिवार्य रुपले प्रवेशपत्र, शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण ल्याउनु पर्ने व्यवस्था राम्रो भएन भन्ने कैफियत जनाउनुभयो । शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन नपठाई बैंकको website मा मात्र राखे पनि भइहाल्छ र प्रतिनिधि नियुक्तिका सम्बन्धमा प्रतिनिधिपत्र सभा शुरु हुनुभन्दा ९६ घण्टा अगावै दर्ता गराउनु पर्ने व्यवस्था ठीक भएन भन्नुभयो । संस्थागत निक्षेप वृद्धि भएकोमा कसरी न्यून पार्ने हो ?, मुनाफा कसरी वृद्धि गर्ने ? र शेयरधनीहरुलाई कसरी लाभांस दिने भन्ने विषयमा रणनीति तयार गर्नुपऱ्यो भन्नुभयो । नेपाल बैंकको शेयरका सम्बन्धमा नेपाल राष्ट्र बैंकले cross holding शेयर बेच्ने नीति परिवर्तन गर्दैछ । उक्त बैंकको शेयरको मूल्य माथि जाने भएकोले उक्त शेयर नबेच्ने हो कि ? भन्नुभयो । नयाँ नयाँ तरिकाहरु अपनाएर, अरुले दिन नसकेको कार्यक्रमहरु प्रतिपादन गरी सेवा अभिवृद्धि गर्ने सोच राख्नुपर्दछ भन्नुभयो । लेखापरीक्षणको प्रतिवेदन र नेपाल राष्ट्र बैंकको प्रतिवेदन मेल नखाने देखिन्छ । मेल खाने हिसाबले प्रतिवेदन आउनुपर्दछ भन्नुभयो । साथै वासलात, नाफा नोक्सान हिसाबको विश्लेषण गर्नुभयो । कर्मचारीहरुमा नकारात्मक सोच बढ्यो भने त्यसले समस्या उत्पन्न हुन्छ त्यसकारण कर्मचारीको मनोबल बढाउने कार्य गर्नु पर्दछ भन्नुभयो ।

११.४) श्री हरिभक्त शर्मा :

बैंकको विकासको लागि तीन महत्वपूर्ण कुराहरु रहेको र पहिलो सर्वसाधारण शेयरहोल्डरहरुलाई महत्व दिनु रहेको छ भन्नुभयो । अनुभवी सञ्चालकहरु र व्यवस्थापनले अब केही गरेर देखाउनुपर्ने समय आएको छ । सही समयमा केही गरिएन भने सुन जति राम्रो भए पनि गहना लगाएर सजाइएन भने त्यसको कुनै महत्व हुदैन त्यसैले सञ्चालक तथा व्यवस्थापनले आफ्नो क्षमता देखाउनु पर्ने बताउनुभयो । हामी सञ्चालकहरुलाई विश्वास गर्दछौ उहाँहरु हाम्रो प्रतिनिधि हुनुहुन्छ । यसको लागि अबको आर्थिक वर्षमा बैंकमा निक्षेप राख्दा पाइने १२ देखि १५ प्रतिशतको interest भन्दा माथिल्लो तहको Dividend

हरेक वर्ष बाड्ने व्यवस्था गनुपर्ने विचार व्यक्त गर्नुभयो । संस्थापकहरुलाई गएको कर्जा इमान्दारीताकासाथ असुल गर्ने र ब्याज मिनाहा दिन नहुने विचार व्यक्त गर्नुभयो । हामीलाई भाडा, भोज चाहिएको छैन, हामीलाई प्रतिफल चाहिएको छ र प्रतिफल राम्रो दिएर साधारण सभामा स्वागत गर्नु भए पुग्छ भन्नुभयो ।

पाँच करोड भन्दा बढि रकम अपलेखन कर्जाको शिर्षक अन्तरगत देखिएकोमा यसको सम्पूर्ण विवरण यस सभामा प्रस्तुत गरियोस्, कसलाई हामीले अपलेखन गऱ्यौं ? कस्तो प्रकारको इन्भेष्टमेन्टलाई हामीले Board बाट किन अपलेखन गऱ्यौं ? भनी प्रश्न राख्नुभयो । निक्षेपको वृद्धि त्यतिको संन्तोषजनक देखिदैन । प्रतिशेयर मूल्य बढाउने तर्फ ध्यान दिनुपऱ्यो । असम्बन्धित खर्चहरु नियन्त्रण गर्ने र एनसीसी बैंकको कर्पोरेट इमेज बढाउने तर्फ सबैले व्यवसायिक भई कार्य गर्नुपर्ने बताउनुभयो ।

**११.५) श्री निश्चल प्रधान :**

बैंकको उन्नतिको अपेक्षा राख्दै बाह्रौं बार्षिक साधारण सभामा उपस्थित भएको जानकारी गराउनुभयो । अघिल्लो वक्ता शेयरहोल्डरहरुको जस्तै आफ्नो पनि बैंकबाट आशा भनेको लगानी वापत न्यूनतम भएपनि प्रतिफल प्राप्त गर्नु रहेको बताउनुभयो । बैंकले हासिल गरेको प्रगतिको बारेमा बताउनु हुदै Non Performing loan गत वर्ष १६.४ % रहेकोमा यस वर्ष २.७४ % मा ल्याउनु धेरै नै ठूलो उपलब्धि हो भन्नु हुदै बैंक व्यवस्थापन र सञ्चालक समितिप्रति आभार व्यक्त गर्नुभयो । बैंकले गत वर्ष ५० करोड खुद नाफा कमाएकोमा यस वर्ष ४१ करोड कमाएको उल्लेख गर्नुहुदै यो राम्रो नै भएपनि अझ राम्रो गर्नसक्ने कुरा बताउनु भयो । बैंकको Reserve and Surplus रु ७१ करोड नकरात्मक रहेकोमा रु ३० करोड मात्र यस वर्ष न्यून भएको छ र यी सबैलाई विश्लेषण गर्दा एनसीसी बैंकको व्यवस्थापनले धेरै चुनौतीहरु पार गरेको विचार व्यक्त गर्नुभयो । साथै अब बैंकले बोनस तथा डिभिडेन्ड आफ्ना शेयरधनीहरुलाई बाड्न सक्ने आशा दर्शाउनु भयो । नेपाल बैंक लि. को शेयर बिक्री प्रक्रिया अगाडि बढिरहेको साथै हरिसिद्धिको जग्गा बिक्रीको लागि बैंक व्यवस्थापनले Auction गरिसकेको बताउनु भयो । बैंकको आफ्नो भवनहरु छन् त्यो राम्रो पक्ष हो भन्नुभयो । बैंकले सांग्रिला हाउजिङ्ग एण्ड डेभलपमेन्ट कम्पनी लि.मा गरेको लागानीका बारेमा प्रश्न उठाउदै उक्त लगानीको हालको अवस्था के छ भन्ने जिज्ञासा राख्नुभयो । सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुले यस लगानीका विषयमा ध्यान दिनुपऱ्यो भन्नुभयो ।

**१२) सभापतिज्यूको जवाफ :**

शेयरधनीमहानुभावहरुले सभामा व्यक्त सुझाव एवं रचनात्मक भूमिकाको सह्राना गर्दै उठाउनु भएको प्रश्न तथा व्यक्त मन्तव्यहरुको लागि धन्यवाद दिदैं सञ्चालक समिति तथा बैंक व्यवस्थापनले समस्याहरुको निराकरण गर्दै बैंकको स्थिति मजबुत बनाई छवि सुधार गर्ने तर्फ केन्द्रित रहेको कुरा सभालाई जानकारी गराउनुभयो । बैंकले शेयरहोल्डर महानुभावहरुलाई केही प्रतिफल दिनका लागि सञ्चालक समिति तथा बैंक व्यवस्थापन सजग, गम्भिर रहेको र बितेका दिनमा बैंकमा के कस्ता नराम्रो अवस्थामा थियो भन्नु भन्दा पनि अबको दिनमा बैंकले कसरी उन्नति गर्ने हो, त्यसतर्फ सचेत रहेको बताउनुभयो । बैंकप्रति शेयरधनीहरुले देखाउनु भएको विश्वासको धेरै महत्व रहेको र तपाईहरुको विश्वासलाई मनन गरी सञ्चालक समितिले काम कारवाही गर्ने बताउनुभयो ।

शेयरधनीमहानुभावहरुले राख्नुभएको राय सुझावप्रति पुनः धन्यवाद दिदै शेयरधनीहरुको बाँकी जिज्ञासाहरुको जवाफ प्रमुख कार्यकारी अधिकृतज्यूले दिएमा बढि सान्दर्भिक हुने भएकोले उहाँले प्रमुख कार्यकारी अधिकृतलाई जवाफ दिनका लागि अनुरोध गर्नुभयो ।

## १२.१ प्रमुख कार्यकारी अधिकृतको जवाफ :

हामीले जुन काम गर्न सक्छौ भनेर अगाडि बढेका थियौं त्यसमा सम्पूर्ण कर्मचारीहरुको सहयोगको फलस्परुप नै बैंकले विगत दुई वर्ष अधिको तुलनामा धेरै नै प्रगति गर्न सक्षम भएको बताउनुभयो । बैंकको नेतृत्वलाई जसरी सम्पूर्ण शेयरधनीमहानुभावहरुले विश्वास गर्नुभयो त्यसको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु भन्नुभयो । २०६४ जेठमा बसेको साधारण सभाको १:१ हकप्रद शेयर जारी गर्ने निर्णयलाई सर्वसाधारण शेयरधनीमहानुभावहरुले गर्नुभएको सहयोग एवम् विश्वासको स्मरण गर्नुहुदै उहाँहरुप्रति कृतज्ञता प्रकट गर्नुभयो ।

नबिल बैंक प्रमुख रहेको सहवित्तियकरण कर्जा अन्तर्गतको नेशनल हाइड्रोपावरसंग सम्बन्धित कर्जा बाहेक एनबी ग्रुपसंग सम्बन्धित अन्य कुनै पनि कर्जा बाँकी नरहेको सभालाई जानकारी दिनुभयो । हरिसिद्धि इंटा तथा टायल कारखानाको सम्बन्धमा नेपाल राष्ट्र बैंकसंग भएको पत्राचारको सम्बन्धमा सभालाई स्पष्ट जवाफ दिनुभयो र उक्त कारखानाले धितोमा राखेको जग्गा बैंकको नाममा नामसारी भई सकेको र बिक्रीका लागि अपनाइएको प्रक्रियाहरु विस्तृत रुपमा सभालाई जानकारी गराउनुभयो । साथै नेपाल बैंक लि.को शेयर बिक्री सम्बन्धमा भए गरेका हालसम्मका कार्यहरुको बारेमा सभालाई जानकारी गराउनुभयो ।

बैंकको रणनीति भनेको तुरुन्त नाफा कमाएर शेयरधनीहरुलाई लाभांस बितरण गर्ने नभई आफ्नो Market Share बढाई बजारमा सकारात्मक र गहकिलो उपस्थिति जनाउनु रहेको सभा समक्ष बताउनुभयो । तथापि, बैंकले अबको आर्थिक वर्षमा थोरै नै भएपनि प्रतिफल शेयरधनीमहानुभावहरुलाई प्रदान गर्ने प्रयासमा बैंक रहेको बताउनुभयो । जुन किसिमको अहिले देखिएको Result छ त्यसले अझ राम्रो रुपमा निरन्तरता पाउने छ र यसका लागि बैंकको सम्पूर्ण टिम नै दृढ भई लाग्ने बताउनुभयो ।

बैंक व्यवस्थापन राम्रा ग्राहकरुलाई आकर्षित गर्ने, सदैव बैंकसंग कारोवार गरिरहने वातावरण विकास गर्न कटिबद्ध रहेको र सेवा प्रवाह गर्ने क्षमता अभिवृद्धि गर्नेतर्फ लागिपरेको कुरा जानकारी गराउनुभयो । बैंकिङ्ग व्यवसाय ज्यादै नै प्रतिस्पर्धी भईरहेको प्ररिपेक्षमा कसरी बैंकको आर्थिक स्थिति सुधार्न सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रीत भई बैंकको आम्दानी खर्चको क्रमिक रुपमा विश्लेषण गरी रणनीतिक योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेकुरा शेयरधनीमहानुभावहरु समक्ष राख्नुभयो ।

साथै सांग्रिला हाउजिङ्ग एण्ड डेभलपमेन्ट कम्पनि लि.मा भएको लगानीको सम्बन्धमा शेयरधनीहरुले जिज्ञासा राख्नु भएको विषयमा आगामी वार्षिक साधारण सभासम्म यस लगानीका विषयमा ठोस उपलब्धि हासिल गर्न सक्षम हुने विश्वास दिलाउनु भयो ।

शेयरधनीहरुले राख्नुभएको राय सुझावको कदर गर्दै आगामी दिनमा अझै बैंकको उन्नतिका लागि प्रयत्नशील भई कार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै प्रमुख कार्यकारी अधिकृतले सम्पूर्ण उपस्थित शेयरधनीमहानुभावहरुलाई यस बाह्रौं वार्षिक साधारणसभामा उपस्थित हुनुभई सभा सुचारु रुपले संचालन गर्न तथा सभामा अमूल्य सुझाव र सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३) प्रस्ताव तथा निर्णय :**

सभापतिज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्ताव सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा निम्न प्रस्तावहरुमा देहाय अनुसार पारित गर्ने निर्णय भयो ।

**(१३.१) वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने :**

बैंकको बाह्रौं वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणहरु सर्वसम्मतिबाट पारित भयो ।

**(१३.२) आ.व. २०६६/६७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम लेखापरीक्षण समितिले सिफरिश गरे बमोजिम श्री के.के. सिंह एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई आ.व. २०६६/६७ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण शुल्क वापत रु. १,३२,०००/- (अक्षेरुपी एक लाख बत्तीस हजार मात्र) तथा अन्य खर्चहरुको सोधभर्ना बैंकको स्वीकृत नियम बमोजिम पाउने गरी लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**१३.३) बैंकको नियमावली बमोजिम समूह 'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा :**

बैंकको नियमावली बमोजिम समूह "ख" अन्तर्गत सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम अनुसार उक्त निर्वाचन कार्य सम्पन्न गर्न बैंकको सञ्चालक समितिले अधिवक्ता श्री श्याम खत्रीज्यूलाई बैंकको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०६१ तथा बैंकको नियमावली अनुसार निर्वाचन अधिकृत नियुक्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

निर्वाचन अधिकृत श्री श्याम खत्रीज्यूले यस बैंकको आज हुने बाह्रौं साधारण सभामा 'ख' वर्गका सर्वसाधारण शेयरधनीहरुको तर्फबाट एकजना सञ्चालकको निर्वाचन कार्यक्रम रहेकोमा, निवेदक शेयरधनी श्री उत्सव सुन्दर श्रेष्ठ र प्रत्यर्थी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.प्रधान कार्यालय समेत भएको निषेधआज्ञा मुद्दामा उक्त निर्वाचन हाललाई नगर्नु नगराउनु भनी श्री पुनरावेदन

अदालत बुटवलबाट मिति २०६६ साल मार्ग २८ गते अन्तरिम आदेश जारी भएको हुँदा अदालतको आदेश अनुसार आज हुने सञ्चालकको निर्वाचन कार्यक्रम स्थगित गरिएको र यस सम्बन्धी सूचना सबैंको जानकारीको लागि प्रकाशित गरिसकिएको व्यहोरा सभालाई जानकारी गराउनुभयो ।

(१४) यस वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा दस्तखत गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७५ अनुसार सभाका अध्यक्ष (सभापति) र कम्पनी सचिवले दस्तखत गर्ने व्यवस्था भएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

(१५) **सभा विसर्जन :**

तत्पश्चात् सभापतिज्यूले यस साधारणसभा सफल पार्न सहयोग गर्ने शेयरधनीमहानुभावहरु, नेपाल राष्ट्र बैंक, बैंकका सञ्चालकज्यूहरु, निर्वाचन अधिकृत, व्यवस्थापन तथा सम्बद्ध सबैलाई सहयोगको लागि आभार व्यक्त गर्नुभयो र सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(रमेश राज अर्याल)
कम्पनी सचिव

(वेदमान सिंह मल्ल)
सञ्चालक
तथा
सभाका सभापति